सो संघमा कस्ता सहकारी संस्थाहरू सदस्य हुन पाउने व्यवस्था रहेछ सो समेत अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् ।

**ख. छोटा प्रश्नहरू (Short Questions)**

१. सहकारी संस्थाको विघटन तथा दर्ता खारेजीको प्रक्रियाको बारेमा उल्लेख गर्नुहोस् ।

२. सहकारी संस्था दर्ता गर्दा आवश्यक प्रक्रियाका बारेमा छोटकरीमा लेख्नुहोस् ।

३. नेपालमा सहकारी संस्थाहरूका संघहरूको प्रकारका बारेमा उल्लेख गर्नुहोस् ।

४. सहकारी बैंक भनेको कस्तो खालको बैंक हो ? यस बैंकको गठनको बारेमा लेख्नुहोस् ।

५. सहकारी ऐन २०७४ अनुसार संस्था वा संघको वर्गीकरण कसरी गरिएको छ लेख्नुहोस् ।

**ग. लामा प्रश्नहरू (Long Questions)**

१. सहकारी संस्था ऐन २०७४ लागु हुनुभन्दा अगाडी कार्यगरिरहेको क्षेत्र तथा यो ऐन लागु भए पश्चात सहकारी संस्थाहरूको कार्यक्षेत्र थपघट हुने प्रक्रियाका सम्बन्धमा ऐनमा कस्तो व्यवस्था रहेको छ व्याख्या गर्नुहोस् ।

२. नेपालमा सहकारी संस्थाहरूको संघहरू बन्ने प्रक्रिया तथा संघहरूका प्रकारका बारेमा उल्लेख गर्नुहोस्।

३. सहकारी संस्थाको दर्ता प्रक्रियाको बारेमा स-विस्तार व्याख्या गर्नुहोस् ।

४. सहकारी दर्ता गर्नका लागि आवश्यक पर्ने अनुसूचीहरूको सूची तयार गरी छोटकरीमा वर्णन गर्नुहोस् ।

५. सहकारी ऐन २०७४ लागु हुनुभन्दा अगाडि स्थापना भएका सहकारी संस्था तथा यो ऐन लागु भएपछि स्थापना भएका सहकारी संस्थाहरूको कार्यक्षेत्र निर्धारण कसरी हुन्छ ? व्याख्या गर्नुहोस् ।

६. सहकारी दर्ताको लागि बस्ने प्रथम भेलामा राखिने प्रस्तावहरूको बारेमा व्याख्या गर्नुहोस् ।

3

अध्याय

# सहकारीको व्यवस्थापन संरचना

## Management Structure of Co-operative

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *सहकारीका साधारण सभा र तिनका प्रकारहरूका बारेमा,*
- *सञ्चालक समिति, सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा सञ्चालकहरूलाई हटाउने व्यवस्थाका सम्बन्धमा,*
- *सञ्चालक समितिको विघटन र तदर्थ समितिको गठन प्रक्रियाका बारेमा,*
- *लेखा सुपरीवेक्षण समितिको गठन, समितिको काम, कर्तव्य र अधिकार तथा समितिका पदाधिकारीहरूको योग्यताका बारेमा,*
- *सहकारीमा सदस्यताको प्राप्ति, सदस्य हुन नपाउने अवस्था तथा सदस्यताको समाप्तिका बारेमा ।*

## साधारण सभा

**General Assembly**

सहकारी संस्थाको सर्वोच्च निकाय भनेको (सदस्यहरूको सभा) साधारण सभा हो। साधारण सभामा संस्थाका विविध पक्षहरूको बारेमा छलफल गरिन्छ । संस्थाको दीर्घकालीन सोंच तथा संस्थाले भविष्यमा लिनुपर्ने रणनीतिका बारेमा समेत साधारण सभामा छलफल गरी पारित गरिन्छ । सहकारी ऐन २०७४ मा प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभा गरी तीन प्रकारका साधारण सभाको व्यवस्था गरेको छ ।

सहकारी संस्थाको साधारण सभाका लागि गणपूरक सङ्ख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तिमा एकाउन्न प्रतिशत हुने व्यवस्था रहेको छ तर पहिलो पटक डाकिएको साधारण सभामा गणपूरक सङ्ख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउन पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य सङ्ख्याको आधारमा स्थानीय तह वा त्यसका वडामा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गर्न सक्नेछ । त्यस्ता प्रतिनिधिहरू सहितको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्नेछ ।

**क. प्रारम्भिक साधारण सभा (Preliminary General Meeting)**

प्रारम्भिक साधारण सभा संस्था दर्ता भएको मितिले तीन महिना भित्र बसिसक्नु पर्नेछ । सहकारी ऐन २०७४ को दफा ३७ मा उल्लेख गरिएका प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:

१. प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

२. चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,



३. प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

४. विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

५. आन्तरिक कार्यविधि पारित गर्ने,

६. लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने र

७. विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**ख. वार्षिक साधारण सभा (Annual General Meeting)**

वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र गरिसक्नु पर्नेछ । साधारण सभाको पत्र सदस्यहरूलाई १५ दिन अगावै पुगिसकेको हुनु पर्नेछ । साधारण सभाको पत्रमा साधारण सभाका प्रस्तावहरू सहित सो सभा हुने मिति, स्थान र समय उल्लेख गरी पठाउनु पर्नेछ । वार्षिक साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले, निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्येबाट छानिएको व्यक्तिले गर्नेछ । वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरू सभामा उपस्थित सदस्यहरूले एक व्यक्ति एक मतको आधारमा दिएको मतको वहुमतवाट पारित हुनेछ । मत वरावर हुन आएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णय दिन सक्ने छ । वार्षिक साधारण सभाको गणपूरक सङ्ख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तिमा एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक वोलाइएको साधारण सभामा गणपूरक सङ्ख्या नपुगी बैठक स्थगित भएमा दोस्रो पटकका लागि त्यसको ७ दिनभित्र साधारण सभाको बैठक वोलाउनु पर्नेछ र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक सङ्ख्या पुगेको मानिनेछ । सहकारी ऐन २०७४ को दफा ३८ मा उल्लेख गरिएका वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:

१. वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

२. वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

३. सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

४. सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,
५. समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,
६. विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,
७. लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,
८. संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,
९. पारिश्रमिक लगायतका सुविधा तोक्ने,
१०. बाह्य दायित्व स्वीकार गर्ने,
११. सदस्यको दायित्व मिनाहा गर्ने,
१२. समितिलाई आवश्यक निर्देशन दिने र
१३. विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**ग. विशेष साधारण सभा (Extraordinary General Meeting)**

सहकारी ऐनमा विशेष अवस्थामा सहकारी संघसंस्थाको विशेष साधारण सभा बस्न सक्ने व्यवस्था गरेको छ। सहकारी ऐन २०७४ अनुसार निम्न अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः

१. लेखा सुपरीवेक्षण समितिले विशेष साधारण सभा बोलाउन आवश्यक छ भनी सिफारिस गरेको अवस्थामा,
२. कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,
३. समितिले कुनै खास कामका लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,
४. विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पन्ध्र प्रतिशत सदस्यले समितिमा निवेदन दिएमा,
५. रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले विशेष साधारण सभा बोलाउन निर्देशन दिएमा। यसरी विशेष साधारण सभा बोलाउन माग आएमा सञ्चालक समितिले ३५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।



## सञ्चालक समितिको गठन

## Formation of Board of Directors

कुनैपनि सहकारी संस्था दर्ता हुनु भन्दा पहिला सदस्य बन्न चाहने व्यक्तिहरूको प्रारम्भिक भेलाबाट तदर्थ सञ्चालक समिति गठन गरी संस्था दर्ता गरिन्छ । प्रारम्भिक साधारण सभा नहुँदा सम्म सोही तदर्थ सञ्चालक समितिले संस्थाको तर्फबाट गर्नुपर्ने कामहरू गर्छ।

सहकारी संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्छ । त्यस पछिका वर्षमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र साधारण सभा बोलाउनु पर्नेछ । सञ्चालक समितिले ऐनमा व्यवस्था गरिए बमोजिमको परिस्थिति सिर्जना भएमा विशेष साधारण सभा बोलाउन सक्नेछन्। यसरी सहकारी ऐन २०७४ मा प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभा गरी तीन प्रकारका साधारण सभाको व्यवस्था गरेको छ । कुनै पनि साधारण सभाबाट सञ्चालक समिति सर्वसम्मति वा निर्वाचन पद्वतिबाट निर्वाचित हुन सक्छन् । त्यसमा उपलब्ध भएसम्म ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनु पर्नेछ । निर्वाचित सञ्चालक समिति ११ सदस्यीय हुनुपर्ने छ ।

एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन पाईने छैन । कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्था बाहेक अर्को कुनै सहकारी संस्थाको सञ्चालक बन्न पाउने छैन । तर वार्षिक दुई करोड रूपैयाँ भन्दा कम रकमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले चार वर्ष भित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नु पर्नेछ ।

कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ । सहकारी संस्था, संघ, महासंघ र सहकारी बैंकहरूको सञ्चालक समितिको कार्यकाल चार वर्षको हुनेछ ।

## सञ्चालक समितिको काम, कर्तव्य र अधिकार
## Right and Duties of Board of Directors

सहकारी संस्थाको सञ्चालक समितिले सहकारी ऐन र नियमावलीको अधिनमा रही तपसिलमा उल्लेखित काम, कर्तव्य र अधिकारहरूको प्रयोग गर्न पाउने छन्:

१. सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,
२. आर्थिक तथा प्रशासकीय कार्य गर्ने गराउने,
३. प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,
४. साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
५. सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,
६. सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,
७. सेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,
८. सम्वन्धित संघको सदस्यता लिने,
९. विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,
१०. सहकारी संस्थाको कार्यक्षेत्र भित्र रही सहकारी संस्थाको कारोबार र व्यावसायको हितप्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, गराउने र
११. तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।

## सञ्चालक पदमा बहाल नरहने
## Directors not to Continue to Hold the Office

देहायको कुनै अवस्थामा सञ्चालक समितिका कुनै पनि पदाधिकारी आफ्नो पदमा बहाल रहन सक्ने छैनन्:

१. निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,
२. निजलाई साधारण सभाको बहुमतले सञ्चालकबाट हटाउने निर्णय गरेमा,
३. निज अर्को सहकारी संस्थाको सञ्चालक रहेमा,
४. निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी रहेमा,
५. निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा,
६. निजको मृत्यु भएमा ।



## सञ्चालकलाई पदबाट हटाउन सक्ने
## Directors may be Removed from Office

साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा कुनै पनि सञ्चालकलाई सञ्चालक समितिको पदबाट हटाउन सक्नेछः

क. आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानिनोक्सानी पुऱ्याएमा,
ख. अनाधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनीयता भङ्ग गरेमा,
ग. सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यावसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यावसाय गरेमा,
घ. सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,
ङ. निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,
च. कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लेखित योग्यता नरहेमा।

कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ तर तोकिएको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ । यसरी सञ्चालकको पदबाट हटाइएको सञ्चालक, सञ्चालक समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन र सो रिक्त पदमा साधारण सभाले बाँकी अवधिका लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

## समितिको विघटन
## Dissolution of Board

साधारण सभाले देहायको अवस्थामा सञ्चालक समितिको विघटन गर्न सक्नेछः

क. समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,
ख. सहकारी संस्थाले तिर्नु पर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

ग. विनियममा उल्लेखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

घ. समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित शर्त वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी वा रजिष्ट्रारले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा । यसरी साधारण सभाबाट सञ्चालक समिति विघटन भएमा पुनः साधारण सभाले नयाँ सञ्चालक समितिको निर्वाचन गर्नेछ ।

रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ४० को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा रजिष्ट्रार वा कार्यालय प्रमुखले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भीर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ । त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको तदर्थ समिति गठन गर्नु पर्नेछ । समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ । रजिष्ट्रारले सहकारी बैंकको सञ्चालक समितिको विघटन गर्नु पूर्व नेपाल राष्ट्र बैंकको परामर्श लिनु पर्नेछ र सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले दिएको परामर्श बमोजिम गर्नु पर्नेछ ।

## तदर्थ समितिको गठन

## Formation of Ad Hoc Committee

सञ्चालक समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सदस्यहरू मध्येबाट सातजनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ । यस्तो तदर्थ समिति देहायका आधारमा गठन गर्नु पर्नेछः

क. सदस्यको नाममा संस्थालाई तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता हुन नहुने,



ख. एकै परिवारका एक भन्दा बढी सदस्य हुन नहुने,

ग. साविकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

घ. सम्भव भएसम्म समितिका सदस्यमा ३३ प्रतिशत महिला हुनुपर्ने ।

## समितिको बैठक बस्ने प्रक्रिया

## Procedure for Meeting of the Committee

कुनै पनि सहकारी संस्थाको बैठक बस्ने प्रक्रिया निम्नानुसारको हुनेछः-

क. समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ,

ख. समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ तर दुई बैठक वीचको अवधि पैचालिस दिन भन्दा बढी हुनेछैन,

ग. बैठकको अध्यक्षता समितिको अध्यक्षले निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरू मध्येबाट चुनिएको सदस्यले गर्नेछ,

घ. केन्द्रीय विषयगत सहकारी संघ र राष्ट्रिय सहकारी महासंघको दुई बैठक बीचको अवधि तीन महिनासम्म हुन सक्नेछ,

ङ. सञ्चालक समितिको बैठक बोलाउनु पर्ने समयमा अध्यक्षले नबोलाएमा बहुमत सदस्यहरूले दस्तखत गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले सातदिन भित्र बैठक बोलाउनुपर्नेछ,

च. त्यसपछि पनि बैठक नबोलाइएमा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालकहरू मध्येबाट चुनिएको सञ्चालकले गर्नेछ,

छ. समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नु पर्नेछ ।

ज. समितको बैठकको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमत सदस्य सङ्ख्या हुनेछ ।

## लेखा सुपरीवेक्षण समिति गठन
## Formation of Accounts Supervision Committee

सहकारी ऐन २०७४ को दफा ४८ मा सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्यहरू साधारण सभाबाट चुनिने गरी एक लेखा सुपरीवेक्षण समितिको व्यवस्था गरेको छ । सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिमा एकै अवधिमा एकैजना उम्मेदवार बन्न पाउने छैन ।

## लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार
## Right and Duties of Accounts Supervision Committee

लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने, गराउने,

ख. आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

ग. वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

घ. समितिको काम कारबाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

ङ. साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

च. लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरीवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

छ. आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने र



ज. आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

साथै सहकारीमा माथि उल्लेखित समितिका अतिरिक्त संस्थाको आवश्यकता अनुसार विभिन्न उप समितिहरू बनाई आफ्नो कार्यलाई प्रभावकारी बनाउन सक्छन् । केही प्रमुख उपसमितिहरूमा ऋण उप समिति, शिक्षा तथा तालिम उप समिति, महिला उपसमिति, विनियम संसोधन उप समिति आदि । संस्थाले सहकारीका ऐन नियमहरू, आफूले बनाएका विनियमहरू र साधारण सभा तथा सञ्चालक समितिले समय समयमा गरेका निर्णयहरूको आधारमा रही सञ्चालक समितिको प्रत्यक्ष निगरानीमा संस्थामा कार्यरत कर्मचारीहरूले दैनिक क्रियाकलाप सञ्चालन गर्छन् ।

## लेखा सुपरीवेक्षण समितिका पदाधिकारीको योग्यता
## Qualification of the office bearers of the Accounts Supervision Committee

लेखा सुपरीवेक्षण समितिको संयोजक तथा सदस्य हुनका लागि निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछः

क. सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तिमा तीन वर्ष पूरा भएको तर प्रारम्भिक साधारण सभाबाट निर्बाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरूको हकमा यो नियम लागु हुनेछैन,

ख. संस्थालाई तिर्नुपर्ने वा बुझाउनुपर्ने बेरूजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

ग. लेखापालन सम्बन्धी तालिम लिएको ।

## सञ्चालक समितिको अध्यक्ष
## Chairperson of the Board

सहकारी संस्थाको सञ्चालक समितिमा एक अध्यक्ष रहने व्यवस्था गरिएको छ जसको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क. समितिको बैठक तथा साधारणसभाको बैठकको अध्यक्षता गर्ने,

ख. साधारण सभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र सञ्चालक समितिका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

ग. संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवम् उचित प्रयोगको व्यवस्था मिलाउने,

घ. सञ्चालकहरूलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्नुका साथै आवश्यक निर्देशन दिने,

ङ. सञ्चालक समितिका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्न वा नगर्न राय साथ समितिमा निर्णयका लागि पेश गर्ने,

च. संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने,

छ. समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने,

ज. साधारण सभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भई मत बराबर भएमा निर्णायक मत दिने,

झ. संस्थाको कुनै काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसार जाँचवुझ वा निरीक्षण गर्ने, गराउने,

ञ. संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने,

ट. संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने,

ठ. विनियमका व्यवस्थाहरूको पूर्ण पालना गर्न गराउन तदारूकता देखाउने,

ड. सहकारीका सिद्धान्तहरू र सहकारी ऐन नियम तथा सहकारी विभागका निर्देशनहरूको पालना गर्ने गराउने,

ढ. सम्बन्धित सहकारी कार्यालयको निर्देशन तथा सुझावहरूको पालना गर्ने गराउने साथै विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरू समयमा नै पेश गर्ने र

ण. सहकारी विभाग वा सहकारी कार्यालय वा सहकारीका सम्बन्धित संघबाट गरिने अनुगमन निरीक्षण कार्यमा सहयोग गर्ने एवम् प्राप्त निर्देशन र सुझावहरूको पालना गर्ने गराउने ।



### सचिव
### Secretrary of the Board

सहकारी संस्थाको सञ्चालक समितिमा एक सचिव रहने व्यवस्था गरिएको छ जसको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क. अध्यक्षको निर्देशानुसार साधारण सभाको बैठक तथा समितिको बैठक बोलाउने,

ख. साधारण सभा तथा समितिद्वारा पारित निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

ग. साधारण सभाको बैठक र समितिको बैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरू सदस्यहरूलाई पठाउने,

घ. साधारण सभाबाट निर्णय गर्नुपर्ने कुनै निर्णयहरू भए पुनः छलफल एवम् निर्णयार्थ पेश गर्ने,

ङ. साधारण सभा र सञ्चालक समितिबाट भएको निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

च. कर्मचारी प्रशासन सम्वन्धी सम्पूर्ण कार्य गर्ने, गराउने,

छ. संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रही प्रबन्ध, निरीक्षण निर्देशन दिने र

ज. अध्यक्षले तोकेको अन्य काम गर्ने,गराउने ।

### सहकारी ऐन २०७४ मा भएका मुख्य व्यवस्थाहरु
### Major Provision of Co-operative Act 2074

नेपालको संविधान २०७२ अनुसार संघको अधिकार सूचीभित्र अनुसूची-५ मा, प्रदेशको एकल अधिकार सूची अनुसूची-६ मा, संघ र प्रदेशको साझा अधिकार सूची अनुसूची-७ मा, स्थानीय तहको एकल अधिकार सूची अनुसूची-८ मा र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुसूची-९ मा उल्लेख गरिएको छ । यस अनुसार सहकारी सम्बन्धी कार्य ३ वटै तहबाट हुने देखिन्छ । नेपालको संविधान २०७२ लागु भए पछि नेपाल सरकारले राज्यको संरचना अनुसार स्थानीय तह, प्रदेश र संघमा सहकारीको दर्ता तथा नियमन हुनेगरी व्यवस्था भए वमोजिम सहकारी ऐन २०७४ र नियमावली २०७५ लागु भएको छ । यस ऐनमा भएका मुख्य मुख्य प्रावधानहरू जो संघ, प्रदेश तथा स्थानीय तहले समेत पालना गर्नुपर्ने हुन्छ ती प्रावधानहरू यस प्रकार रहेका छन्ः

१. सहकारी ऐन २०७४ को दफा ३ को उपदफा (३) र (४) मा महानगरपालिका र उपमहानगरपालिकामा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था दर्ता गर्दा एउटै परिवारको एक जना भन्दा बढी नहुने गरी कम्तिमा १०० जना हुनु पर्ने व्यवस्था गरेको छ ।

२. सहकारी ऐन २०७४ को दफा ९ मा विशिष्टीकृत संघ गठनका लागि कम्तिमा २५ वटा संस्थाहरू मिली जलविद्युत्, रासायनिक मल, आवास, यातायात, भारी कृषि उपकरण, फलफूल तथा जडीबुटी प्रशोधन, चिनी उद्योग, शीतभण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला परियोजना स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ ।

३. सहकारी ऐन २०७४ को दफा ११ मा जिल्ला, प्रदेश वा केन्द्रमा एकै प्रकृतिको एकभन्दा बढी संघ गठन गर्न नपाईने व्यवस्था गरिएको छ ।

४. सहकारी ऐन २०७४ को दफा १५ को उपदफा (६) मा महानगरपालिका र उपमहानगरपालिकाको हकमा एक वडामा र नगरपालिका वा गाउँपालिकाको हकमा तोकिए बमोजिम बढीमा एक स्थानीय तहमा बचत तथा ऋण सहकारी संस्था दर्ता गर्न सकिने व्यवस्था गरिएको छ ।

५. सहकारी ऐन २०७४ को दफा १८ मा बचत तथा ऋणको कारोबार गर्ने संस्थाका लागि महानगरपालिका र उपमहानगरपालिका भए एक वडा र नगरपालिका वा गाउँपालिकाको हकमा बचत लगायत सवै प्रकृतिका संस्थाका लागि निम्न आधारमा तोकिए बमोजिम एक स्थानीय तहसम्म कार्यक्षेत्र कायम गर्ने व्यवस्था गरिएको छ ।

क. सदस्यहरू बीच साझा बन्धन भएको,

ख. व्यावसाय सञ्चालन गर्न आवश्यक सङ्ख्या र

ग. सदस्यहरूको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण हुन पर्ने ।

६. सहकारी ऐन २०७४ को दफा १८ उपदफा २ मा संस्था दर्ता भएको २ बर्षपछि देहायको आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिने छ:

क. व्यावसाय बढाउन थप कार्यक्षेत्र चाहिने भएमा,

ख. सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न र

ग. सदस्यको बसोवासको प्रकृति, पायक पर्ने स्थान, स्थानीय अवस्थिति र व्यावसायिक आवश्यकता रहेको अवस्थामा ।



७. सहकारी ऐन २०७४ को दफा २० मा सहकारीलाई विषयगत आधारमा तोकिए बमोजिम वर्गीकरण गरिने व्यवस्था गरिएको छ।

८. सहकारी ऐन २०७४ को दफा २३ मा सहकारी संस्था गठन वा सञ्चालन गर्दा सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना हुनुपर्ने व्यवस्था गरिएको छ ।

९. सहकारी ऐन २०७४ को दफा २७, २८ र २९ अनुसार संस्थाले आफ्नो विनियम र आवश्यक पर्ने आन्तरिक कार्यविधि बनाउन र संशोधन गर्न सक्ने छ ।

१०. सहकारी ऐन २०७४ को दफा ३० मा सहकारी संस्थाको सदस्य हुन कार्यक्षेत्र भित्र बसोवास भएको, कम्तिमा एक सेयर खरिद गरेको, विनियमका शर्त पालना गर्न मञ्जुर गरेको, संस्थाको कारोबारसँग प्रतिस्पर्धाको व्यापार नगर्ने र १६ वर्ष उमेर पुगेका नेपाली नागरिक हुनुपर्ने व्यवस्था गरिएको छ ।

११. सहकारी ऐन २०७४ को दफा ३० को उपदफा २ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै सरकारी एवम् सामुदायिक विद्यालय, स्थानीय गुठी, क्लव तथा गैरनाफामूलक, सेवामूलक, उत्पादनमूलक संघसंस्था, उपभोक्ता समूह संस्थाको सदस्य हुन सक्ने व्यवस्था गरिएको छ।

१२. सहकारी ऐन २०७४ को दफा ३१ मा कुनै पनि व्यक्तिले सदस्यता लिन चाहेमा सञ्चालक समितिमा निवेदन दिएर मात्र सदस्यता लिन सकिने, निवेदन दिएको ३५ दिन भित्र सदस्यताको निर्णय हुने, सदस्यता नदिने भए ७ दिन भित्र जानकारी गराउन पर्ने, सदस्यता नपाएकोमा ३० दिन भित्र उजुर गर्नपर्ने, सदस्यता दिन पर्ने देखिएमा अख्तियारवालाले आदेश गर्ने व्यवस्था गरिएको छ।

१३. सहकारी ऐन २०७४ को दफा ३२ को उपदफा १ मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउनेछैन तर यस अघि भएको रहेछ भने यो ऐन प्रारम्भ भएको मितिले ३ वर्ष भित्र एक संस्थाको मात्र सदस्य कायम गर्नुपर्ने छ ।

१४. सहकारी ऐन २०७४ को दफा ३८ मा कार्यक्रम तथा बजेट स्वीकृत, लेखापरीक्षण प्रतिवेदन अनुमोदन, समिति तथा लेखा समितिको प्रतिवेदन पारित, निर्वाचन, विघटन, सदस्य तथा संयोजकलाई पदवाट हटाउने, विनियम एवम् आन्तरिक कार्यविधि पारित, लेखापरीक्षक नियुक्ति तथा परिश्रमिक तोक्ने, संस्था एकीकरण तथा विघटनको निर्णय, पारिश्रमिक तथा अन्य सुविधा तोक्ने, बाह्य दायित्व स्वीकार गर्ने, सदस्यको दायित्व मिनाहा, समितिलाई निर्देशन गर्ने र विनियममा तोकिएका अन्य कार्यहरू वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार भित्र पर्ने ।

१५. सहकारी ऐन २०७४ को दफा ४१ को उपदफा ४ मा सञ्चालक आफ्नै संस्थाको कर्मचारी बन्न र अन्य संस्थाको सञ्चालक बन्न प्रतिबन्ध भएता पनि वार्षिक २ करोडभन्दा कमको कारोबार गर्ने संस्थाको कर्मचारी बन्न बाधा नहुने व्यवस्था गरिएको ।

१६. सहकारी ऐन २०७४ को दफा ४८ मा संस्थामा तोकिएको योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्य भएको लेखा सुपरीवेक्षण समिति गठन हुने ।

१७. सहकारी ऐन २०७४ को दफा ५० मा बचत तथा ऋणको कारोबार गर्ने संस्थाले सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने, स्प्रेड दर ६ प्रतिशत भन्दा बढी हुन नहुने, ऋणको सेवा शुल्क र नवीकरण शुल्क रजिष्ट्रारले अन्यथा तोके बाहेक कार्यविधिले तोके बमोजिम हुने, बचत तथा ऋणले बाहेक अन्य संस्थाले बचत ऋणको मुख्य कारोबार गर्न नपाउने, यदि गर्दै आएको भए ३ वर्ष भित्र सुधार गरी सक्नु पर्ने, ब्याजलाई पुँजीकृत गर्न नपाईने, बचत रकम सदस्यहरूलाई ऋण लगानी बाहेक अन्यत्र लगानी गर्न नपाइने, प्रारम्भिक पुँजीकोषको १५ गुणासम्म बचत सङ्कलन गर्न सकिने र प्रमोटर सदस्य बाहेक सदस्यता लिएको तीन महिना नपुगेसम्म ऋण लगानी गर्न नसकिने व्यवस्था गरिएको छ ।

१८. सहकारी ऐन २०७४ को दफा ६३ मा एक जना सदस्यलाई २० प्रतिशत भन्दा बढी सेयर बिक्री गर्न नपाईने तर नेपाल सरकारलाई यो बन्देज लागु नहुने, संस्थाको सेयर खुला बजारमा बिक्री गर्न नपाईने, प्रति सेयरको मूल्य रू. १०० हुने व्यवस्था गरिएको छ ।



१९. सहकारी ऐन २०७४ को दफा ६४ को उपदफा ३ मा सहकारी संस्थाले बचत खाताहरू मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको ।

२०. सहकारी ऐन २०७४ को दफा ६८ मा संस्थाको एक अविभाज्य कोषको रूपमा जगेडा कोष रहनेछ जसमा प्रत्येक वर्षको खुद बचत रकमको कम्तिमा २५ प्रतिशत रकम, सम्पति बिक्री रकम, पुँजीगत अनुदान र अन्य स्रोतबाट प्राप्त रकम समेत समावेश हुनेछ । त्यसैगरी यसै ऐनको दफा ६९ मा जगेडा कोष छुट्टयाएर बाँकी रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा जम्मा गरी तोकिए वमोजिमको वार्षिक कारोबारको आधारमा सदस्यहरूलाई वितरण गरिने व्यवस्था छ ।

२१. सहकारी ऐन २०७४ को दफा ७१ को उपदफा २ मा एक आर्थिक वर्षको सेयर लाभांशको रकम सेयर पुँजीको १८ प्रतिशत भन्दा बढी हुने छैन ।

२२. सहकारी ऐन २०७४ को दफा ७४ मा संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित एकाउण्टिङ् स्टाण्डर्ड बमोजिम हुनेछ ।

२३. सहकारी ऐन २०७४ को दफा ७५ अनुसार सहकारी संस्थाको कारोबारको लेखापरीक्षण आ.ब. समाप्त भएको मितिले ३ महिना भित्र इजाजत पत्र प्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ र दफा ७६ अनुसार लेखापरीक्षकको नियुक्ति, परिश्रमिक र सुविधा तोक्ने काम साधारण सभाले गर्नेछ । एक जना व्यक्ति वा फर्म वा कम्पनीलाई लगातार ३ आर्थिक वर्ष भन्दा बढी नियुक्ति गर्न नपाइने व्यवस्था गरिएको छ।

२४. सहकारी ऐन २०७४ को दफा ७७ मा संस्थाको सदस्य, सञ्चालक, सल्लाहकार, कर्मचारी, लेखापरीक्षण सम्वन्धी तथा फौजदारी कसुरमा सजाय पाएको, दामासाहीमा परेको र संस्थासँग स्वार्थ बाझिएको व्यक्ति लेखापरीक्षकमा नियुक्ति हुन नसक्ने व्यवस्था गरिएको छ।

२५. सहकारी ऐन २०७४ को दफा ८८ को उपदफा १,२ र ३ मा साधारण सभाको तत्काल कायम रहेको बहुमत सदस्यले विनियममा उल्लेखित उद्देश्य वा कार्य हासिल गर्न सम्भव नभएमा र सदस्यको हित गर्न नसक्ने अवस्थामा विघटनको निर्णय गरी दर्ता खारेजीको लागि रजिष्ट्रार वा अख्तियारवालामा पेशगर्नु पर्ने र छानवीन गर्दा संस्था दुई वर्षसम्म कारोबार नगरी निष्कृय रहेको, संस्थाले यस ऐन नियम विपरित काम गरेको,

संस्थाको विनियमको उद्देश्य र सहकारी मूल्य, मान्यता तथा सिद्धान्त विपरित काम गरेको पाइएको अवस्थामा संस्था विघटन गर्न उपयुक्त देखिएमा दर्ता खारेजी गर्न सक्ने व्यवस्था गरिएको छ ।

२६. सहकारी ऐन २०७४ को दफा ९१ मा कुनै संस्थाको लिक्विडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ ।

२७. सहकारी ऐन २०७४ को दफा ९५ बमोजिम रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारीले संस्थाको हरहिसाब जुनसुकै वेला निरीक्षण तथा जांच गर्न गराउन सक्ने, नेपाल राष्ट्र बैंकले सहकारी बैंक वा तोकिएभन्दा बढी कारोबार गर्ने संस्थाको जुनसुकै वेला निरीक्षण तथा जांच गर्न गराउन सक्ने, निरीक्षण अधिकारीले माग गरेको कागजात तथा विवरण संस्थाले उपलब्ध गराउनु पर्ने, निरीक्षणकर्ताले संस्थालाई निर्देशन दिन सक्ने र उक्त निर्देशन संस्थाले पालना गर्नु पर्ने व्यवस्था गरिएको छ ।

२८. सहकारी ऐन २०७४ को दफा ९७ मा बचत तथा ऋणको काम गर्ने संस्थाले तोकिए बमोजिमको अनुगमन प्रणाली अवलम्वन गर्नुपर्ने, अधिकार प्राप्त अधिकारीले राष्ट्र बैंक समेतको सहयोग लिई निरीक्षण गर्न सक्ने छ ।

२९. सहकारी ऐन २०७४ को दफा ११५ मा नेपाल सरकार अन्तर्गतको साझा यातायात, साझा प्रकाशन, साझा स्वास्थ्य सेवा, साझा भण्डार र साझा सेवा जस्ता संस्थाको घर जग्गा तथा अन्य अचल सम्पत्ति सरकारको स्वीकृति बिना बेच्न, धितो राख्न र लिजमा दिन नपाईने व्यवस्था गरिएको छ ।

३०. सहकारी ऐन २०७४ को दफा १३६ अनुसार संस्थाको जतिसुकै सेयर खरिद गरेको भएता पनि कार्य सञ्चालनमा एक सदस्य एक मत हुनेछ ।

३१. सहकारी ऐन २०७४ को दफा १४० मा संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्ने र सो कारोबारको प्रक्रिया तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ ।

३२. सहकारी ऐन २०७४ को दफा १५१ मा सदस्यहरूको बचत संरक्षण तथा संस्थागत दिगोपनाको लागि अवलम्वन गरिएका अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मापदण्डको आधारमा बचत तथा ऋणको कारोबार गर्ने संस्थाको लागि अलग्गै मापदण्ड बनाउन सकिनेछ ।



## सहकारीमा सदस्य बन्नका लागि चाहिने योग्यता

## Qualifications Required to Become a Member of a Co-operative

सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका कुनै पनि नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन् :

क. संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरिरहेको,

ख. संस्थाको कम्तिमा एक सेयर खरिद गरेको,

ग. संस्थाको विनियममा उल्लेखित शर्तहरू पालना गर्न मञ्जुर गरेको,

घ. संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

ङ. संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको ।

नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैर नाफामूलक संस्था, उत्पादन र सेवामूलक संघ संस्था, उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

## सदस्यता प्राप्त गर्ने प्रक्रिया

## Membership Process

कुनै पनि सहकारी संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको सञ्चालक समिति समक्ष निवेदन दिनुपर्ने छ । त्यसरी निवेदन प्राप्त भएको पैंतीस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ तर कुनै कारणले निवेदन दिएको व्यक्तिलाई सदस्यता दिन नमिल्ने भएमा सोको कारण खोली सात दिन भित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ । सदस्यता दिन नमिल्ने भनी जानकारी पाएको मितिले तीस दिन भित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष उजूर गर्न सक्नेछ। प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्न पर्ने देखिएमा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नका लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ । आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई गराउनु पर्नेछ ।

### सदस्य हुन नपाउने
**Not Allowed to be a Member**

कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन। तर यो ऐन प्रारम्भ हुनु भन्दा अघि कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ । त्यसैगरी यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा ३० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्ष भित्र सदस्यता अन्त्य गर्नु पर्नेछ तर यो ऐन प्रारम्भ हुनु भन्दा अघि दर्ता भएको स्वास्थ्य र शिक्षा सहकारी संस्थाको हकमा यो उपदफा लागु हुने छैन ।

### सदस्य हुन सक्ने
**Can be a Member**

जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन् । त्यसैगरी जिल्ला सहकारी संघमा जिल्ला भित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन् । प्रदेश विषयगत सहकारी संघमा प्रदेश भित्रका विषयगत संस्था र जिल्ला विषयगत संघहरू सदस्य हुन सक्नेछन् । त्यसैगरी प्रदेश सहकारी संघमा प्रदेश भित्रका संस्था, जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन् । केन्द्रीय विषयगत सहकारी संघमा विषयगत संस्था, जिल्ला विषयगत संघ र प्रदेश विषयगत संघ सदस्य हुन सक्नेछन् र राष्ट्रिय सहकारी महासंघमा जिल्ला विषयगत संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ, प्रदेश सहकारी संघ र केन्द्रीय विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन् । साथै सहकारी बैंकहरूमा संस्था र संघमात्र सदस्य हुन सक्नेछन् ।

### सदस्यताको समाप्ति
**Terminatio of Membership**

सहकारीको कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

क. सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

ख. लगातार वार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,




ग. यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नु पर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

घ. संस्थाको सदस्यको हकमा दफा ३० बमोजिमको योग्यता नभएमा।

तर कुनै सदस्यले सहकारी संस्थाबाट प्राप्त वा भुक्तानी गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सो दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुनेछैन । साथै साधारण सभा बोलाउने निर्णय भइसके पछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

### प्रारम्भिक सहकारी संस्थाको संस्थागत संरचना
**Structure of Preliminary Co-operative**




### अभ्यास (Exercise)

क. परियोजना कार्य ( Project Work)

१. सहकारीमा सहकारी ऐन को दफा ३० अनुसार योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले सहकारीमा सदस्यताको लागि निवेदन दिएमा सदस्यता पाउन सक्ने प्रावधान रहेको छ । यसै सन्दर्भमा कुनै एक स्थानीय सहकारीका सञ्चालक समितिका सदस्य वा अध्यक्षलाई भेट गरी त्यो सहकारीमा सदस्यता दिने प्रक्रिया कस्तो छ छलफल गरी ऐनमा व्यवस्था भए अनुसार पाउनुभयो वा पाउनुभएन त्यसको बारेमा छलफल गर्नुहोस् ।

२. कुनै एक सहकारीको साधारण सभामा, सभा अवधिभर बस्नुहोस र त्यस साधारण सभामा प्रस्तुत भएका एजेण्डा र तीनीहरूमा छलफल तथा निर्णय हुने प्रक्रिया अध्ययन गरी यस पुस्तकमा लेखिएका

साधारण सभाको काम, कर्तव्य र अधिकार सँग कुन कुन कुराहरू मेल हुनगयो सोको बारेमा विस्तृत रूपमा लेख्नुहोस्।

३. कुनै स्थानीय एक सहकारीको सञ्चालक समितिसँग लेखासुपरीवेक्षण समितिले बुझाएको प्रतिवेदन अध्ययनका लागि माग्नुहोस् र त्यसमा उल्लेख गरिएका विषय वस्तुहरूको बारेमा अध्ययन गर्नुहोस्।

४. एक स्थानीय सहकारीको भ्रमण गर्नुहोस् र त्यो सहकारीको सँगठनात्मक संरचनाको बारेमा अध्ययन गर्नुहोस् ।

**ख. छोटो प्रश्नहरू (Short Questions)**

१. सहकारीमा हुने सभाका प्रकारहरूका बारेमा छोटकरीमा लेख्नुहोस् ।

२. सञ्चालक पदमा रहन नसक्ने अवस्थाका बारेमा लेख्नुहोस् ।

३. सञ्चालक समितिको विघटन प्रक्रियाको बारेमा चर्चा गर्नुहोस् ।

४. सञ्चालक समितिको बैठक वस्ने प्रक्रियाको बारेमा लेख्नुहोस् ।

५. लेखा सुपरीवेक्षण समितिको गठनको बारेमा प्रष्ट्याउनुहोस् ।

६. सञ्चालक समितिको अध्ययक्षको काम, कर्तव्य र अधिकारको सम्बन्धमा लेख्नुहोस् ।

७. सहकारीमा सदस्य बन्नका लागि चाहिने योग्यताका बारेमा चर्चा गर्नुहोस्।

८. सहकारीमा सदस्यको समाप्ति कसरी हुन्छ लेख्नुहोस् ।

**ग. लामो प्रश्नहरू (Long Questions)**

१. सहकारी संस्थामा सञ्चालक समितिको गठन प्रक्रियाको बारेमा उल्लेख गर्दै त्यसको काम, कर्तव्य र अधिकारको सम्बन्धमा विस्तृत रूपमा व्याख्या गर्नुहोस् ।

२. सहकारी संस्थामा लेखासुपरिवेक्षण समितिको गठन प्रक्रियाको बारेमा उल्लेख गर्दै त्यसको काम, कर्तव्य र अधिकारको सम्बन्धमा विस्तृत रूपमा व्याख्या गर्नुहोस् ।

३. सञ्चालक समितिको अध्यक्ष तथा सचिवको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्याख्या गर्नुहोस्।

४. विशेष साधारण सभा भनेको के हो ? विशेष साधारण सभा हुनका लागि के कस्तो अवस्था हुनुपर्छ उल्लेख गर्नुहोस् ।

५. वार्षिक साधारण सभा भनेको के हो ? वार्षिक साधारण सभामा छलफल हुने विषयवस्तुको बारेमा उल्लेख गर्नुहोस् ।

४

अध्याय

# सहकारी लेखा प्रणाली

## Accounting System of Co-operative

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *लेखापालनको प्रकृति, क्षेत्र, उत्पत्ति तथा विकासको बारेमा,*
- *लेखा प्रणाली, बजेट तर्जुमा तथा बजेट परिचालन सम्बन्धमा,*
- *सहकारी संस्थामा राखिने लेखा विधिको प्रक्रिया, चार खाता र तिनीहरूका सहायक खाताहरूको निर्माण तथा प्रयोगको बारेमा,*
- *सहकारी ऐन तथा नियमावली अनुसार सहकारी संस्थामा व्यवस्था गरेका कोषहरूको निर्माण तथा तिनीहरूको प्रयोगको बारेमा,*
- *प्रावधानको बारेमा ।*